# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

०२५-५८००४६
०२५-५८२३१५
०२५-५८२८१५
०२५-५८२१६५

कोशी प्रदेश, नेपाल

प.सं. :

च.नं. :

मिति : २०८३/०१/१०

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

### प्रेस विज्ञप्ति

आदरणीय नगरबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु,

गर्मी अत्याधिक बढेको कारण दिउँसो अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्किन र सम्भव भए सम्म शीतल ठाँउमा बस्नुहुनका निम्ति सम्पूर्ण नगरबासीहरुमा आग्रह तथा अनुरोध गर्दछौं।

गर्मी बढेसँगै लामखुट्टेको प्रकोप समेत बढ्न गई लामखुट्टेको टोकाईबाट विभिन्न किसिमका संक्रमण हुन सक्ने भएकोले साँझको समयमा पूरा शरीर ढाक्ने किसिमको लुगा गाएर बस्नुहुन र सुत्दाको अवस्थामा झुल लगाएर मात्र सुत्नुहुन, लामखुट्टे लगायत किटजन्य जीवको बासस्थान पानी जम्ने खाल्टा-खुल्टी पुर्नु हुन, घर, वस्ती तथा समुदाय वरपरका नाला सरसफाइ गर्नु हुन र वातावरणीय सरसफाईमा ध्यान पुर्याउनु हुन समेत अनुरोध गर्दछौं।

इटहरी उपमहानगरपाललिका नगरबासीको स्वास्थ्य प्रति संवेदनशिल रहेको छ। लामखुट्टे नियन्त्रणका लागि विगतमा <u>अल्फासाइपरमेथ्रिन/अल्फामेथ्रिन</u>, <u>मालाथिन</u> जस्ता किटनाषक विषादी . र पेट्रोलियम पदार्थको घोललाई फगिङ्ग (धुवा उडाउने) कार्य गरिदै आएकोमा जनस्वास्थ्यको हिसाबले उक्त कार्य उपयुक्त नरहेको भनी विशेषज्ञहरुबाट सुझाब समेत प्राप्त भएको हुँदा विशेषज्ञहरुको सुझाबलाई आत्मसाथ गरी <u>अल्फासाइपरमेथ्रिन/अल्फामेथ्रिन</u>, <u>मालाथिन</u> जस्ता किटनाषक विषादी र पेट्रोलियम पदार्थको घोललाई यस उपमहानगरपालिकाले फगिङ्ग (धुवा उडाउने) कार्य नगरेको व्यहोरा अवगत गराउदछौं। नागरिकहरुलाई किटजन्य रोग र संक्रमणबाट बचाउन लामखुट्टे नियन्त्रणका निम्ति वैकल्पिक किटनाषक औषधी व्यवस्था गरी स्थानीय तहहरुलाई उपलब्ध गराउन नेपाल सरकार एवं प्रदेश सरकारसँग जोडदार माग गर्दछौं।

अत:विशेषज्ञहरुले दिएको सुझाव विपरित <u>अल्फासाइपरमेथ्रिन/अल्फामेथ्रिन</u>, <u>मालाथिन</u> जस्ता किटनाषक बिषादी आफू खुशी कहि कतै प्रयोग भएको खण्डमा त्यसबाट उत्पन्न हुन सक्ने प्रतिकूल परिस्थितिको जिम्मेवारी प्रयोगकर्ता व्यक्ति, अभियन्ता, सामाजिक संघ संस्था, राजनीतिक दल, स्वयमको हुने व्यहोरा समेत सम्बन्धित सबैमा यसै विज्ञप्ति मार्फत अवगत गराउन चाहन्छु।

धन्यवाद।

.............................

संगीता कुमारी चौधरी

कार्यबाहक नगर प्रमूख

कार्यबाहक नगर प्रमुख